# भुकम्प प्रतिरोधात्मक भवन निर्माणका लागि पाल्पाको रामपुरमा चलेको १५ दिने तालिम सम्पन्न भएको छ ।



रामपुर नगरपालिका र घरेलु तथा साना उद्योग कार्यालय पाल्पाको आयोजनामा रामपुरमा चलेको तालिममा निति र नियम तथा मापदण्डमा रहेर घरभबन निर्माणमा जोड दिन भबन निर्माणमा लाग्दै आएका मजदुरलाई तालिम दिइएको हो । शहरउन्मुख र अव्यबस्थित रामपुर क्षेत्रलाई व्यवस्थित भबन निर्माण गर्न र भुकम्पीय जोखिमबाट जोगाई सुरक्षित जिवन र भबिश्यका लागि ठेकेदार निर्माण व्यवसायी तथा मजदुरलाई तालिम दिइएको हो । चैत्र १४ गतेदेखि चलेको तालिम समापन कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालय पाल्पाका उद्योग अधिकृत बालकृष्ण गैह्रेले अव बन्ने भवन भुकम्प प्रतिरोधी बनाउने जिम्मेवारी निर्माण व्यवसायीमा आएको बताउनुभयो । तालिम पाउनु अघि जे जसरी घरभबन बनाएपनि तालिम पाएपछि सिपको सहि सदुपयोग गर्न सहभागीलाई उहाँले आग्रह गर्नुभयो । उद्योग अधिकृत गैह्रेले घरधनीले सबै जिम्मेवारी मजदुरलाई दिने हुँदा सरकारले तोकेको मापदण्ड पुर्‍याएर भुकम्प प्रतिरोधी बनाउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा रामपुर नगरपालिकाका कार्यकारी अधिकृत बाबुराम अर्यालले सिकेका सिप व्यवहारमा उर्त्तान आग्रह गदै व्यवहारिक तालिम अव सुरु भएको बताउनुभयो । नगरपालिकामा पहिलो पटक कामदारलाई यो तालिम दिइएको बताउदै उहाँले अब तालिम प्राप्त मजदुर मात्र घरभबन निर्माणमा लाग्ने सिस्टमको थालनी हुने उहाँको भनाई थियो ।

हचुवा र अनुमानका भरमा बनाइएका भबन भत्किएर घरधनीका सदस्यको मृत्यु र अङ्गभङ्ग हुने भन्दै उहाँले कुनै प्रलोभनमा नआई तालिममा सिकेका मापदण्डमा रही मानब क्षति व्यहोर्न नपर्ने खालका भबन बनाउन निर्देशन दिनुभएको छ । भबन निर्माण मापदण्ड लागु भैसकेको रामपुरमा प्रलोभन र छिटो छरितोको नाममा अन्धाधुन्ध भबन बनाएको पाएमा नगरपालिकाले अनुगमन गरि त्यस्ता मजदुरको प्रमाण रद्ध गर्न पनि सक्ने बताउदै दरिलो ओभ्किलो व्यबस्थित भबन र सुन्दर रामपुर बनाउन निर्माण व्यबसायीले महत्वपुर्ण भुमिका खेल्न सक्ने बताउनुभयो ।




इन्जिनियर सुदिप सुवेदीले स्वागत गर्दै बर्षौंदेखि भबन बनाएपनि मापदण्ड नपुगेका भबनको आयु कम हुने भएकाले एकपुस्ता मात्रै नभै मापदण्ड पुऱ्याएर बर्षौसम्म टिक्ने भबन बनाउन आग्रह गर्नुभयो । कार्यक्रममा नेपाली काङ्ग्रेस रामपुर नगर सभापति नेत्र प्रसाद भट्टराई, नेकपा एमाले नगर अध्यक्ष राजेन्द्र प्रसाद लम्साल, एकिकृत नेकपा माओवादी नगर प्रतिनिधी तारानाथ ढकाल ,राष्ट्िय जनमोर्चा नगर अध्यक्ष रेशम कंडेल, अखण्ड नेपाल नगर अध्यक्ष शिव शंकर जिं सी, नेकपा माओवादी कान्तिकारी नगर अध्यक्ष राम प्रसाद खत्री नेकपा मालेका इश्वरी रेग्मी, उद्योग वाणिज्य संघ रामपुरका अध्यक्ष भोजेन्द्र प्रकाश ढकाल, नेपाल पत्रकार महासंघ सदस्य गीता खनाल, पूर्वि पाल्पा मानव अधिकारका लागी नागरिक संजालका छवि खनालले बोल्दै तालिममा सिकेका सिप अनुसार भवन निर्माणमा लाग्न व्यवसायीहरुमा आग्रह गदै भुकम्प प्रतिरोधात्मक भवन बनाउनका लागी तालिम

उपयोगी बन्ने बताउनुभएको थियो । प्रशिक्षार्थी यम बहादुर सुनारले अबका भबन मापदण्ड र दिगो हिसाबले सुन्दर हुने बताउनुभयो ।

कालीगण्डकी मल्टी टेक्निकल इन्स्टिच्युटका व्यवस्थापक जायश्वर पाण्डे बर्षेनि सिप र ज्ञान भएका मजदुर उत्पादन गर्दै जाने बताउदै सिपको सदुपयोग भयोभने मात्र तालिमको सार्थकता हुनेभएकाले सिपलाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।



तालिम समापनका अबसरमा प्रमुख अतिथि पाल्पाका उद्योग अधिकृत बालकृष्ण गैह्रेलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । ५२ जना निमाण व्यवसायी सहभागी रहेको तालिममा सव इन्जिनियर उदय वराल, इन्जिनियर सुदिप सुवेदी, प्रदिप घिमिरे र तारादेवी सुनारले सहजिकरण गर्नुभएको हो । कार्यक्रमको संचालन रानपाका वडा सचिव बासुदेव ढकालले गनु भएको हो । रामपुर नगरपालिकाका कार्यकारी अधिकृत बाबुराम अर्यालको अध्यक्षतामा चलेको तालिम कालीगण्डकी मल्टी टेक्निकल इन्स्टिच्युटको सहव्यवस्थापनमा तालिम हो ।